‘जुगल समृद्धिको आधार : प्राकृतिक स्रोतको सदुपयोग, संरक्षण र सम्भार ।’

# जुगल गाउँपालिकाको
# भूउपयोग सोचपत्र




२०७८

## जुगल गाउँपालिका

सिन्धुपाल्चोक

| | | |
|---|---|---|
| दस्तावेज | : | भूउपयोग सोचपत्र- २०७८ |
| सर्वाधिकार | : | जुगल गाउँपालिका, सिन्धुपाल्चोक |
| आर्थिक तथा प्राविधिक सहयोग | : | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र केएर नेपाल |
| कभर फोटो | : | जुगल गाउँपालिका १, बादसिम्ले र ५ ढाडेँ बजार |
| नक्शा | : | सन् २०२१ को भूउपग्रह चित्र (गुगल अर्थ) बाट तयार गरिएको जुगल गाउँपालिकाको भूउपयोग नक्शा |

# जोखिम संवेदनशील भूउपयोग नक्सा




## Legend

- # Spot Height
- Stream
- Landslide

**Settlement Category**

- II
- III

**Proposed Landuse**

- Agricultural Land
- Barren Land
- Built Up
- Bushes
- Forest
- Landslide
- River
- Safe Settlement
- Snow/glacier

**RISK ASSESSED LAND USE MAP OF JUGAL RURAL MUNICIPALITY, SINDHUPALCHOWK**

0 1 2 3 km

CSRC
आत्मनिर्भर केन्द्र

care

*Map Based on: CNES/Airbus - 2020 - Google Earth Image and Topographic maps of Department of Survey, Government of Nepal.*
*Projection : Spheroid : Everest 1830, Modified Universal Mercator, Central meridean: 87 E, False Easting : 500000, False Northing: 0, and Scale factor: 0.9999*

# विषयसूची


१. पृष्ठभूमि . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ५

२. सोचपत्रको क्षेत्र र तर्जुमा प्रक्रिया . . . . . . . . . . . . . . . . . . ६

३. सोचपत्रको ध्येय र मार्गचित्र . . . . . . . . . . . . . . . . . . . . . ६

४. पालिकाको परिचय . . . . . . . . . . . . . . . . . . . . . . . ६

५. विद्यमान स्थिति . . . . . . . . . . . . . . . . . . . . . . . . ७

क. घर/परिवार तथा जनसङ्ख्या . . . . . . . . . . . . . . . . . . ७

ख. विद्यमान भूस्वामित्व र भूउपयोग . . . . . . . . . . . . . . . . . ७

ग. पेसा/व्यवसाय, उत्पादन र आम्दानी . . . . . . . . . . . . . . . ८

घ. सार्वजनिक उपयोगका क्षेत्र . . . . . . . . . . . . . . . . . . . ९

ङ. उद्योग तथा खनिज . . . . . . . . . . . . . . . . . . . . . . १०

च. खोला तथा नदी . . . . . . . . . . . . . . . . . . . . . . . १०

छ. वन तथा वनस्पति . . . . . . . . . . . . . . . . . . . . . . १०

ज. जोखिम क्षेत्र . . . . . . . . . . . . . . . . . . . . . . . . ११

६. परिकल्पना अभ्यास . . . . . . . . . . . . . . . . . . . . . . ११

क. भूमि र कृषि उपयोगको अवस्था . . . . . . . . . . . . . . . . . ११

७. सोचपत्रको आवश्यकता . . . . . . . . . . . . . . . . . . . . . १४

८. दीर्घकालीन सोच . . . . . . . . . . . . . . . . . . . . . . . १५

९. लक्ष्य . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १५

१०. उद्देश्य . . . . . . . . . . . . . . . . . . . . . . . . . . १५

११. रणनीति र कार्यनीति . . . . . . . . . . . . . . . . . . . . . १६

१२. सोचपत्रको सीमितता . . . . . . . . . . . . . . . . . . . . . १९

# १. पृष्ठभूमि

भूउपयोग भनेको भूमिसँग मान्छेले गर्ने व्यवहार हो । उत्पादन, व्यवस्थापन र विकासका क्रममा भूमिमा गरिने क्रियाकलाप नै भूमिसँगका व्यवहार हुन । भूमिको क्षमता, गुण यसको अवस्थिति वातावरण र क्षेत्रनुसार फरक फरक हुन्छ । भूमिको प्रत्येक क्षेत्रबाट महत्तम लाभ लिने गरी उपयोग गर्न' मानव र वातावारणका लागि उत्तम हुन्छ ।

भूउपयोग योजना भनेको भूमिबाट महत्तम लाभ लिन भूमिलाई विभिन्न क्षेत्रमा वर्गीकरण गरी प्रयोगमा ल्याउने प्रक्रिया हो भने भूउपयोग योजनाको सोचपत्र दिगो लाभका लागि गरिने विवेकपूर्ण निर्णययुक्त दीर्घकालीन योजना हो ।

कुनै पनि स्रोत असीमित हुन सक्दैन । स्रोतहरूको उपयोग गर्दा विवेकपूर्ण तरिकाले गरिएन भने आफूले अभाव  भ्केल्न त पर्छ नै, हाम्रो अविवेकी निर्णयको मूल्य भावी पुस्ताले समेत चुकाउनुपर्ने हुन्छ । खासगरी हामिले प्रकृतिमाथि गरेको अस्वाभाविक व्यवहारले गर्दा स्रोतहरूमा असन्तुलन उत्पन्न भै प्रकृतिले नै विभिन्न विपद्.मार्फत प्रतिक्रिया देखाउने गरेको अनुभव हामीले गरिरहेका छौँ । प्रकृतिको यस भाषालाई बुझेर प्राकृतिक स्रो भूमिको सचेततापूर्वक उपयोग गर्दा यसबाट दिगो लाभ लिन सकिन्छ । विद्यमान र भावी पुस्तासमेतको जीवन सुखी र समृद्ध बनाउन उपलब्ध साधन/स्रोतको महत्तम उपयोगमार्फत भविष्यका सुन्दर सम्भावनाहरूको खोजी गर्न' यस सोचपत्रको उद्देश्य रहेको छ ।

भूउपयोग ऐन, २०७६ को दफा ६ (१) मा प्रत्येक स्थानीय तहले भूउपयोग योजना तर्जुमा गर्न' घि भूमिको वस्तुस्थिति, जनसङ्ख्या वृद्धि दर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार विकासका लागि भूमिको मागमा हुने वृद्धिलगायतका विषयमा अध्ययन गरी दीर्घकालीन सोचपत्र तर्जुमा गर्न'पर्ने व्यवस्था छ । यही व्यवस्थाअनुरूप नै यो सोचपत्र तयार पारिएको हो ।

## २. सोचपत्रको क्षेत्र र तर्जुमा प्रक्रिया

जुगल गाउँपालिकाको यो पहिलो भूउपयोग सोचपत्र हो। सोचपत्र तर्जुमाका लागि गाउँपालिकाका बस्तीहरूको स्थलगत अवलोकन, सम्बन्धित समुदाय, जनप्रतिनिधिहरूसँग अन्तरक्रिया, जुगल गाउँपालिका घरधुरी सर्वेक्षणको प्रारम्भिक तथ्याङ्क र प्रतिनिधिमूलकरूपमा स्थानीयबासीहरूसँग अन्तरक्रिया र छलफल गरिएको छ।

## ३. सोचपत्रको ध्येय र मार्गचित्र

जुगल गाउँपालिकामा रहेको भूमिको समुचित प्रयोग गर्दै स्थानीयबासीको आर्थिक समृद्धिमा योगदान पुऱ्याउनु यस सोचपत्रको मुख्य मार्गचित्र हो। संविधानले आवास, खाद्य सुरक्षाका विषयलाई मौलिक हकमा समावेश गरेको छ। ती हकको प्रत्याभूतिका लागि भूमिस्रोतलाई मुख्य आधारका रूपमा उपयोग गर्न यो सोचपत्र केन्द्रित रहनेछ। जोखिम बस्तीहरू पहिचान गरी त्यस्ता बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरणको व्यवस्था गर्नु, पूर्वाधार निर्माण तथा विकास आयोजना सञ्चालनका लागि उपयुक्त जमिनको पहिचान, सुरक्षा र आवश्यकताअनुसार व्यवस्थापन एवं उपयोग गर्न', प्रकृतिको निःशुल्क उपहार भूमिको वर्गीकरण गरी दिगो विकासको अवधारणाअनुरूप प्रयोग गर्न प्रेरित गर्नु यो सोचपत्रको आधारभूत पक्ष हुनेछ।

## ४. पालिकाको परिचय

उच्च पहाडी क्षेत्रमा रहेको जुगल गाउँपालिका वाग्मती प्रदेशमा पर्छ। ५९६ वर्ग.कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा रसुवा जिल्ला र चीन, पश्चिमतर्फ पाँचपोखरी थाङ्पाल गाउँपालिका, दक्षिणमा चौतारा साँगाचोकगढी नगरपालिका, इन्द्रावती गाउँपालिका, बलेफी गाउँपालिका र पूर्वमा बाह्रबीसे नगरपालिका र भोटेकोसी गाउँपालिका छन्। समुद्री सतहको ७७४ मि. देखि ६९६६ मि. दोर्जे लाक्पा हिमालको शिरसम्म यो पालिका फैलिएको छ।

यस गाउँपालिकामा उच्च पहाडी क्षेत्र, मध्य पहाडी क्षेत्र र थोरै मात्रमा टारहरू छन्। जमिनको वर्गीकरणका आधारमा १७.४५ वर्ग कि.मि हिउँ तथा चट्टानले ढाकेको, ६१.१६ वर्ग कि.मि. चरण तथा बुट्यान क्षेत्र, ५९.४९ वर्ग कि.मि. खेतीयोग्य क्षेत्र, २४२.३८ वर्ग कि.मि. जङ्गलले ढाकेको क्षेत्र र ५.२६ वर्ग कि.मि. जलस्रोतले ओगटेको छ। क्षेत्रफलका हिसाबले ठूलो गाउँपालिका भए तापनि पालिकाको तल्लो क्षेत्रमा मात्र कृषियोग्य जमिन छ। भएको कृषियोग्य क्षेत्रको समुचित सदुपयोग गर्न सकेमा पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने राम्रो सम्भावना छ।

# ५. विद्यमान स्थिति

गाउँपालिकाको भूउपयोग योजना तर्जुमा गर्नुअगावै स्थानीय तहको सोचपत्रको पुरक खण्डका रूपमा भूउपयोगसँग प्रत्यक्ष सम्बन्धित भूउपयोग स्थिति, कृषि क्षेत्र, जनसङ्ख्या, पेसा/व्यवसाय, सडक सुविधा, खाद्य सुरक्षा, नदी उकास र जोखिम क्षेत्रको अवस्था, भूमि मागको अवस्था, संरक्षण, एकीकृत बस्ती विकास र वातावरणीय स्वच्छतालगायतका विषयमा सूचना सङ्कलन गरी विद्यल्मान स्थितिको आकलन गरिएको छ।

## क. घर/परिवार तथा जनसङ्ख्या

- राष्ट्रिय जनगणना, २०६८ अनुसार जुगल गाउँपालिकाको कुल जनसङ्ख्या १९,२३१ थियो। जसमध्ये पुरुष ४९.८ प्रतिशत (९,५८१ जना) र महिला ५०.२ प्रतिशत (९,६५० जना) थियो। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी तामाङ जाति ११,३३४ जना (५८.९३ प्रतिशत), दोस्रोमा नेवार २,६९० जना (१३.९८ प्रतिशत) र तेस्रोमा क्षत्री २०६८ (१०.७५ प्रतिशत) को बसोबास थियो।
- गाउँपालिकाले २०७७ मा गरेको घरधुरी सर्वेक्षणअनुसार ५१७५ घरधुरी र २७,६६२ जनसङ्ख्या छ। यसरी हेर्दा पालिकाको जनसङ्ख्या पछिल्लो १० वर्षमा ४३.८४ प्रतिशतले बढेको देखिन्छ। उक्त सर्वेक्षणका आधारमा हेर्ने हो भने कुल जनसङ्ख्यामध्ये १४२९९ (५१.६९ प्रतिशत) पुरुष, १३,३६३ (४८.३० प्रतिशत) महिला छन्। २०७७ को तथ्याङ्कअनुसार पुरुषको जनसङ्ख्या महिलाको भन्दा बढी छ। परिवारको औसत आकार ५.३ छ। त्यस्तै महिला घरमूली भएका घर सङ्ख्या ५८७ र पुरुष घरमूलीको सङ्ख्या ४५८९ छ। २०६८ सालको जनसङ्ख्यालाई आधार मान्दा पालिकाको जनसङ्ख्या वृद्धि दर ३.४६ प्रतिशत छ।

## ख. विद्यमान भूस्वामित्व र भूउपयोग

नेपाल सरकार, नापी विभागको २०५१ को सर्वेक्षणअनुसार जुगल गाउँपालिकाको कुल क्षेत्रफलको २४.६८ प्रतिशत जङ्गलले र २१.४७ प्रतिशत बुट्यान तथा चरिचरन क्षेत्रले ओगटेको छ। खेतीयोग्य क्षेत्र भने १२.०४ प्रतिशतमात्र छ। २०५१ मा १२.०४ प्रतिशत, २०६६ मा ८.१ प्रतिशत र २०७७ मा १० प्रतिशत छ। यसरी हेर्दा २०६६ को तुलनामा हाल खेतीयोग्य क्षेत्र बढेको देखिन्छ। बाँझो जमिनको मात्रा घट्दै गएको छ भने वन क्षेत्र र हिउँले ढाकेको क्षेत्र बढेको देखिन्छ।

| क्र. सं. | भूउपयोगको क्षेत्र | २०५१ नापी विभाग | | २०६६ इसिमोड | | २०७७, गुगल अर्थ | |
|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल (हेक्टर) | प्रतिशत | क्षेत्रफल (हेक्टर) | प्रतिशत | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
| १ | खेतीयोग्य जमिन | ७१८०.२१ | १२.०४ | ४८३१.४५ | ८.१ | ५९४९.६५ | १० |
| २ | बाँझो जमिन | २००२६.४४ | ३३.५८ | ४४०८.७९ | ७.४ | ५३८७.१४ | ९ |
| ३ | बुट्यान तथा चरिचरन | १२७९९.६३ | २१.४७ | १६६३१.४७ | २७.९ | ६११६.८३ | १०.३ |
| ४ | वन तथा नर्सरी | १४७१३.९७ | २४.६८ | २४८३९.८७ | ४१.७ | २४२००.८५ | ४०.६ |
| ५ | हिउँले ढाकेको | ४५३१.३२ | ७.३० | ८८९६.२० | १४.९ | १७४४७.९२ | २९.३ |
| ६ | पानीको स्रोत | ३७७.७६ | ०.६३ | २१.५३ | ०.०४ | ५२६.९२ | ०.९ |
| जम्मा | | ५९६२९.३२ | १०० | ५९६२९.३२ | १०० | ५९६२९.३२ | १०० |

- पालिकामा हाल १० प्रतिशत मात्र खेतीयोग्य जमिन छ। यस् क्षेत्रको प्रमुख कृषि उत्पादन मकै, कोदो, गहुँ, आलु हो भने पालिकाको तल्लो भेगमा धान राम्रो उत्पादन हुने गरेको छ।
- घरधुरीको बसोबासको स्थिति हेर्दा २७,६६२ जनसङ्ख्यामध्ये गाउँमा नै बस्ने १९,४४५, विदेशमा बस्ने १,८४३, नेपालमै तर पालिका भन्दा बाहिर बसोबास गर्ने ६,३६३ जना छन् भने ११ जना सम्पर्कबिहीन छन् ।
- पानीको स्रोत र उपलब्धता राम्रो रहेको यस पालिकामा व्यवस्थित तरिकाले सिँचाइ संरचना निर्माण गरी खेती गरेको निकै नै कम देखिन्छ। अव्यवस्थित सडक संरचना निर्माणका कारण यस पालिकामा सिँचाइका संरचनाहरू जीर्ण बनी सडक र बस्तीलाई समेत असर गरेको छ। समुदाय तथा पालिकाले भएका मूलको संरक्षण गरी व्यवस्थित संरचना निर्माण गरेमा सिँचाइ सुविधा सबै स्थानमा पुऱ्याउन सकिने देखिन्छ।
- पालिकाको मुख्य बजार कात्तिके र ढाडे हो। दुवै स्थानमा योजनाबिहीन तरिकाले बजार र बस्तीहरू विस्तार हुँदै गएको छ। कठिन भूगोल र अव्यवस्थित शहरीकरणका कारण निर्माण भएका संरचनाले भोलिका दिनमा विपद् ननिम्त्याउला भन्न सकिन्न ।
- गाउँपालिकाले प्राकृतिक प्रकोपको मार खेपिरहेको छ। अव्यवस्थित सडक विस्तार, खेतीयोग्य जमिनको विनाश गरी अव्यवस्थित तरिकाले सञ्चालन गरिएका ढुङ्गा खानीले आगामी दिनमा अझै समस्या ल्याउने देखिन्छ।
- स्वच्छता प्रबर्द्धनका साथै जैविक विविधताको संरक्षणका लागि नदी खोलाको संरक्षण गर्ने नीति तर्जुमा गर्ने, बजार क्षेत्रबाट उत्सर्जन भएका फोहोरमैलाको वर्गीकरण गरी व्यवस्थापन गर्न पालिकाले सरोकारवाला निकाय र साझेदार संस्थासँग सहकार्य गरी लगानी बढाउनुपर्ने हुन्छ।

## ग. पेसा/व्यवसाय, उत्पादन र आम्दानी

- यस पालिकाका मानिसको प्रमुख पेसा कृषि हो । निर्वाहमुखी र पारिवारिक खेती प्रणालीमा आधारित कृषि पेसालाई आधुनिक कृषि प्रणाली तथा प्रविधिको प्रयोग गरी व्यावसायिक खेती भने गरेको देखिँदैन । ५,१७५ घरधुरीमध्ये ४,०९७ परिवार कृषि पेसामा संलग्न छन् ।
- ७४२ परिवारलाई आफ्नो कृषि उत्पादनबाट ३ महिना, १,४८७ परिवारलाई ४ देखि ६ महिना, १,४३६ परिवारलाई ७ देखि ९ महिना र १,५१० परिवारलाई ९ महिना खाएर बचत हुने देखिन्छ । बिक्री गरेको मुख्य कृषि उत्पादनमा आलु, कोदो, धान र मकै छन् । घरधुरी सर्वेक्षण २०७७ अनुसार वार्षिकरूपमा पालिकाभित्र तपसिलका खाद्य सामग्री उत्पादन हुने गरेका छन् :

| क्र.सं. | खाद्यान्नको नाम | उत्पादित परिणाम (क्विन्टलमा) | लगाइएको क्षेत्रफल (रोपनीमा) | क्र.स. | खाद्यान्नको नाम | उत्पादित परिणाम (क्विन्टलमा) | लगाइएको क्षेत्रफल (रोपनीमा) |
|---|---|---|---|---|---|---|---|
| १ | आलु | १४८७९.३२ | ५९२४ | ४ | गहुँ | २१२८.०२ | ३४४८ |
| २ | मकै | १८३५७.८ | २०३४२ | ५ | धान | ९५९८.९४ | १६४६४ |
| ३ | कोदो | १३८०२ | १४५४९ | ६ | जौ | ५५२.८३ | ३८१ |

- पशुपन्छी पालनको हिसाबले हेर्ने हो भने यस पालिकामा गाई, गोरु, बाख्रा, भैँसी, च्याङ्ग्रा र माथिल्लो भेगमा चौँरी र भेडा पाल्ने गरिएको छ ।
- पालिकाको कुल सक्रिय जनसङ्ख्यामध्ये ५,४९९ व्यक्तिले आफ्नो प्रमुख पेसामा कृषि कर्मलाई रोजेका छन् । त्यस्तै ज्याला मजदूरी गर्ने ११५२, नोकरी गर्ने ९५८ र वैदेशिक रोजगारीमा ११३८ व्यक्ति छन् ।
- घरको बनावटको प्रकार हेर्दा जस्तापाताको छानो प्रयोग गरेका ४,८३६ र आरसिसी ढलान गरी घर बनाएका ३१० परिवार छन् । पालिकाको घरधुरी सर्वेक्षणका क्रममा तपाईँले पशु पालन गर्नुभएको छ भन्ने प्रश्नमा ३,५८९ परिवारले पालेको छ भनेका छन् भने १५८६ परिवारले कुनै पनि पशुपन्छी पालन नगरेको बताएका छन् ।
- त्यस्तै विपद् सचेतीकरणका दृष्टिकोणले तपाईँको घर प्राकृतिक प्रकोपको जोखिममा छ कि छैन भन्ने प्रश्नमा १७३९ परिवारले छ, ३४१८ परिवारले छैन र १८ परिवारले थाहा छैन भन्ने उत्तर दिएका छन् ।
- घरधुरी सर्वेक्षण २०७७ अनुसार आफ्नै जमिनको स्वामित्वमा घर हुने ५०४८, अफन्तको जमिनमा घर हुने ३३ र भाडामा बस्ने ७४ परिवार छन् ।



## घ. सार्वजनिक उपयोगका क्षेत्र

- जुगल गाउँपालिकामा जम्मा ११ वटा सामुदायकि भवन छन् । स्थानीयले उक्त भवन सामूहिक/सामाजिक कार्यका लागि प्रयोग गर्ने गरेका छन् । केही भवन विपद्को समयमा आवासका रूपमा प्रयोग गर्न मिल्नेछन् ।

- गाउँपालिकाका प्रायः सबै वडामा नाम चलेका र समुदायअनुसारको आस्थाको धरोहरका रूपमा ७७ वटा सार्वजनिक पाटी/पौवा, मन्दिर, चौतारा तथा प्रतीक्षालय र गुम्बा छन् ।
- भौगोलिकरूपमा विकट यो गाउँपालिकामा प्रायः समथर र सुरक्षित स्थान छैनन् । भएका जग्गा पनि व्यक्तिको नाममा छन् । केही सार्वजनिक खुला स्थानको रूपमा सेलाङ बाँसखर्क, पोक्चेल डाँडा, गुम्बा गाउँको माथिल्लो भेग, पोङ्लोङ डाँडालगायत छन् ।

## ङ. उद्योग तथा खनिज

- यस पालिकामा औपचारिकरूपमा दर्ता भएका कुनै पनि उद्योग तथा कलकारखाना छैनन् । ढुङ्गा खानीको पर्याप्त सम्भावना रहेको यस गाउँपालिकामा औपचारिकरूपमा दर्ता भएर सञ्चालन गरिएका चारवटा ढुङ्गा खानी छन् भने दर्ता व्यक्तिगत तथा निजी जग्गाबाट स्लेट सङ्कलन गर्न विभिन्न २७ वटा केन्द्र निर्धारण गरिएको छ । पालिकाभित्रको औद्योगिक कच्चा पदार्थमा विशेष गरी काठ, दाउरा, ढुङ्गा, गिट्टी, बालुवा, बाँस, निगालो र ग्राभेल छन् ।

## च. खोला तथा नदी

- पालिकामा प्रमुख ब्रह्मायणी, नेसम, बराम्ची, सेलाङ, गोल्चेलगायतका खोलाबाट लगभग २०० मेगावाट भन्दा बढी विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ काम भइरहेको छ ।
- जुगल हिमाल र यसबाट बगेको ब्रह्मायणी नदीको काखमा रहेको जुगलमा पर्यटन व्यवसायको राम्रो सम्भावना छ । जुगल हिमाल आधार शिविर, नेपेमासल, डल्ले पोखरी, सेलाङ डाँडा, याङ्लाकोट, दोमोङ पोखरीलगायतका क्षेत्र प्रमुख पर्यटकीय स्थल हुन् ।

## छ. वन तथा वनस्पति

- पालिकाको कुल क्षेत्रफलको ४७.३६ प्रतिशत क्षेत्र वन तथा झाडीले ढाकेको छ । यस क्षेत्रमा पाइने प्रमुख रुखहरूमा गोब्रे सल्ला, दार, चाँप, धुपी, उत्तिस, चिलाउने, मौवा, ठिङ्ग्रे सल्लो र साल हुन् । उच्च पहाडी क्षेत्रका धेरै भूभाग झाडी र पोथ्राले ढाकेको छ ।
- ग्रामीण भेगका मानिसले प्रमुख इन्धनका रूपमा दाउरा प्रयोग गर्ने भएकाले उपलब्ध जङ्गलले स्थानीयको माग पूरा गरिरहेको छ । जेठ असार महिनामा वडा नं. ३ को उच्च क्षेत्रमा बहुमूल्य जडीबुटी यार्सागुम्बा टिप्नेको ठूलो भिड लाग्छ । त्यस्तै गरी पालिकामा लोक्ता, चिराइतो, मजिनो, टिम्मुर, सिल्टिम्मुर, ठूलो ओखती, पाखनवेद, मलायो, अमलालगायतका जडीबुटी पर्याप्त मात्रामा पाइन्छ । ऐँसेलु, मान्द्रा, चुत्रो र काफललगायतका वनजन्य फलफूल पनि पर्याप्त मात्रामा पाइन्छ । यस गाउँपालिकामा २३ वटा सामुदायिक वनले २२५७.५४ हेक्टर जमिन ओगटेका छन् ।

## ज. जोखिम क्षेत्र

- गाउँपालिकाले प्राकृतिक प्रकोपको मार खेपिरहेको छ । अव्यवस्थित सडक विस्तार, खेतीयोग्य जमिनको विनाश, अव्यवस्थित उत्खनन् र बसोबासका कारणले आगामी दिनमा अझै समस्या ल्याउने देखिन्छ । गाउँपालिकाको बसोबासको क्षेत्रको हिसाबले लिदी, बोल्दे, सानो नाम्फा, मगरनाम्सा, सेप गाउँ, आहाल, देउराली, झुल्के, दिपुलगायतका क्षेत्र बढी जोखिममा छन् ।

# ६. परिकल्पना अभ्यास

## क. भूमि र कृषि उपयोगको अवस्था

### पहिले

- पालिकाका कृषकहरूले खेती गर्नका लागि गोरु प्रयोग गर्थे । स्थानीय बिउबिजन प्रयोग गरी निर्वाहमुखी र पारिवारिक खेती अर्मपर्म गरी गरिन्थ्यो । रासायनिक मलको सट्टा गोठेमलको प्रयोग बढी गरिन्थ्यो । केही मात्रामा रासायनिक मलको प्रयोग पालिकाका तल्लो क्षेत्रका कृषकले गर्थे । खेतीयोग्य जमिनको समुचित र अधिकतम प्रयोग भएको थियो । बाँझो जमिन कम थियो । खेतीयोग्य जमिनलाई व्यवस्थित तरिकाले प्रयोग गरी सामूहिकरूपमा बस्ने चलन थियो । धेरै जमिनमा खेती गरे तापनि थोरै मात्रामा उत्पादन हुने हुनाले समुदायका केही परिवारमा अनिकालको समस्या थियो । जङ्गली जनावरले खेतीबालीमा धेरै हानि गरेको सुनिँदैनथ्यो । समुदाय भन्दा धेरै माथिल्लो क्षेत्रमा पनि खेती गरिन्थ्यो र जङ्गलमा पर्याप्त कन्दमूल पाइन्थ्यो । जङ्गलका जनावर त्यसैमा भुल्थे ।
- पशु पालनको क्षेत्रमा हेर्ने हो भने मुख्यगरी गाई, गोरु, बाख्रा, भेडा, चौंरी, भैंसी र कुखुरा पाल्ने गरिएको थियो । व्यावसायिकरूपमा नभइ आफ्ना आवश्यकता पूरा गर्नका लागि र खेतीपातीमा प्रयोग गर्नका लागि पाल्ने गरिएको थियो ।
- पालिकाको तल्लो भेगमा घरहरू ढुङ्गा-माटोको जोडाइमा छानोको रूपमा स्थानीय कालो ढुङ्गा प्रयोग गरी बनाइन्थ्यो । माथिल्लो भेगमा भने हिमाली सल्लाको फल्याकले घर छाएर बस्ने चलन थियो । खेतीयोग्य जमिनमा अस्थायी गोठ बनाएर मल खुदाउने चलन थियो । मानिस धेरै समय गोठमा नै व्यतित गर्थे ।
- स्थानीय प्रजातिका कृषि बिउबिजन र गोठेमलको प्रयोग गरी उत्पादन गरिएका कारण अन्न भण्डारण लामो समयसम्म गर्न सकिन्थ्यो भने पोषणयुक्त पनि थियो । घट्टमा पिँधिएको पीठो मानव स्वास्थ्यका लागि उत्तम थियो । बिउबिजनमा आत्मनिर्भर थियो भने लेकका आलुसँग अन्न साट्ने प्रचलन थियो । सामाजिक सद्भाव राम्रो थियो ।

- पालिकामा विपद्का हिसाबले हेर्ने हो भने पहिले भेलबाढी र पहिरोको समस्या निकै नगन्यमात्रामा थियो । प्राकृतिकरूपमा गएको पाङ्ताङ्ग गाविसको तीनहाङ्ग पहिरो, बराम्ची गाविस र पाङ्ताङ्ग गाविसको सिमानामा गएको सुनखोलाको पहिरो, दिपु र तेम्बाथानको बीचमा रहेको महास्थान पहिरो जुगल क्षेत्रकै सबै भन्दा ठूला पहिरो हुन् ।
- खेती गर्दा कृषकले अनाआवश्यक पानी उचित तरिकाले खोल्सीमा कटाउँथे । जसले गर्दा बस्तीमा भेलबाढी र पहिरोको समस्या निकै नै कम थियो । त्यस्तै खेतीयोग्य जमिनको खेतीपातीमा प्रयोग र बाँझो जमिनलाई पनि खेतीपातीमा प्रयोग गर्नाले बाँदर, बँदेल र मृगले गाउँबस्तीमा धेरै दुःख दिँदैनथ्यो ।
- सडक सञ्जलाहरू निर्माण गरिएका थिएनन् । गोरेटो र घोडेटो बाटो नै बढी प्रयोग गरिन्थ्यो । सडक विस्तार नहुँदा मानव जीवनमा समस्या भए तापनि पर्यावरण भने राम्रो थियो ।
- सडक सञ्जाल र यातायातको सुविधा निकै कम थियो । यातायातको साधन भेट्नका लागि बलेफीस्थित अरनिको राजमार्ग पुग्नुपर्थ्यो । सामग्रीहरू ढुवानी गर्नका लागि घोडा, खच्चर र गधा प्रयोग गरिन्थ्यो ।

## अहिले

- अहिले पनि पालिकाको माथिल्लो भेगका मानिस खेतीपातीका लागि गोरु नै प्रयोग गर्छन् । तल्लो भेगका कृषकले हाते ट्याक्टर प्रयोग गर्न थालेका छन् । त्यस्तै बाली भित्र्याउन अर्थात धान, गहुँ र कोदो झार्नका लागि थ्रेसर प्रयोग गर्न थालिएको छ ।
- पालिकाको तल्लो तथा मध्य भागमा रासायनिक मलको प्रयोग बढेको छ । आलोपालो खेती गर्ने प्रचलन पहिलेको भन्दा थोरै कम भएको छ तर त्यसको संस्कार भने राम्रो अवस्थामै छ । बिउबिजनमा परनिर्भरता बढ्दै गएको छ । जसले गर्दा केही वर्ष उत्पादन वृद्धि भए तापनि पालिकाको कृषि अर्थतन्त्रमा नै प्रभाव पर्ने देखिन्छ । सँगसँगै समुदायमा रहेका स्थानीय बिउबिजन पनि लोप हुँदै गएका छन् । सातु, रोटी, पीठो मकै खाजाको विकल्पमा चाउचाउ, बिस्कुटलगायत वस्तुको प्रयोग बढेको छ । जसले गर्दा आममानिसको स्वास्थ्यमा गहिरो असर पर्ने देखिन्छ ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसक्दा जलस्रोतको धनी जुगल गाउँपालिकाको सौन्दर्यमा ह्रास आउँदै गएको छ । अनावश्यकरूपमा करेन्ट प्रयोग गरी माछा मार्ने प्रचलन बढेसँगै जैविक विविधतामा पनि ह्रास हुँदै गएको छ तर स्थानीय प्रहरी प्रशासनले यसलाई न्यूनीकरण गर्ने प्रयास गरिरहेका छन् ।
- उत्पादनको परिमाण बढे तापनि उक्त उत्पादनबाट पाउनुपर्ने पौष्टिकता भने हराउँदै गएको छ । रासायनिक मल र आयातीत बिउबिजन प्रयोगका कारण उत्पादित अन्नको भण्डारणमा पनि समस्या देखिएको छ । लामो समय भण्डारण गर्न सकिने उत्पादन हाल एक वर्ष पनि मुस्किलले भण्डारण गर्न सकिन्छ ।
- रेमिट्यान्सले जीविकोपार्जनमा प्रभाव पार्न सुरु गरेपछि स्थानीयहरू शहरी क्षेत्रतर्फ बसाइँ सर्ने र खेतीयोग्य जमिन बाँझो राख्ने प्रचलन बढेको छ । जमिन बाँझो राख्ने प्रवृत्ति बढेसँगै खेतीपातीमा जङ्गली जनावरको आतङ्क, भेलबाढी र पहिरोको समस्या पनि बढ्दै गएको छ ।

- सिँचाइको सुविधा नपुगेका कारण धेरैजसो खेती आकाशे पानीको भरमा गर्नुपरेको छ। निरन्तर भान्छामा चाहिने लसुन, प्याज, तेल, चामल, दाल, गेडागुडीलगायतका खाद्य सामग्रीको माग आयतले नै धानेको छ। पालिकाको बजार क्षेत्रमा तरकारी, फलफूल तथा खाद्यान्न नजिकैको दोलालघाट बजार र काठमाडौँबाट आयात गर्ने गरिएको छ। पालिका आलु उत्पादनमा भने आत्मनिर्भर छ। पालिकको हावापानीअनुसार जुगल १ सेलाङ, जुगल ४ डल्लेपोखरी क्षेत्रमा भने चिया खेतीको परीक्षण सुरु गरिएको छ।
- उत्पादनका हिसाबले जुगल १ बाधसिम्ले, जुगल ७ तीनघरे, थामसिङ बोल्दे खेतलाई धान खेती, जुगल १ बाँसखर्कलाई चिया खेती, जुगल २ सिन्धुर्चे, जुगल ३ गुम्बा, जुगल ६ हाप्रालाई आलु खेती, जुगल ४ घुङ्गा, पाकु, खानी गाउँ, जुगल ५ ढाडे, टेकानपुरलाई तरकारी खेती र जुगल २, गोल्चे, जुगल ५ पोखरे भिर गाउँ र जुगल ६ घिचेलाई बाख्रा पालनका लागि उपयुक्त क्षेत्र मानिएको छ।
- पालिकाको सबै समुदायमा सडक सञ्जाल जोडिए पनि जुगल ३ तेम्बाथान र तेगा, जुगल २ दिपु, साङलुङ, भुल्के गाउँ भने सडक सञ्जालमा जोडिन सकेका छैनन्। पालिकाले सडक सञ्जाल पुऱ्याउन कोसिस गरिरहेको भए तापनि कठिन भौगोलिक बनोटका कारण सफल हुन सकिरहेको छैन।
- उल्लिखित समुदायबाहेकका अन्य सबै स्थानमा सडक सुविधा पुगेको छ। तर उपलब्ध सडकको अवस्था र क्षमता भने कमजोर छ। पालिकामा वर्षाको समयमा यात्रुबाहक बसहरू चल्न सकेको अवस्था छैन यद्यपि मुख्य सडक स्तरोन्नतिका काम भने भइरहेका छन्।
- प्राविधिक डिजाइन इस्टिमेट प्रयोग नगरी निर्माण गरिएका सडकमा यातायातका साधन चल्न मुस्किल छ। सहायक सडकहरू निर्माण गर्दा आवश्यक प्राविधिक मापदण्ड पूरा गरेको देखिँदैन। जसका कारण त्यसको दिगोपनामा प्रश्नचिह्न उठेको छ। सडक निर्माण सँगसँगै नालाको व्यवस्थापन गर्न नसकिएका कारण समुदायमा भेलबाढी र पहिरोको जोखिम बढेको छ भने खेतीयोग्य जमिन विनाश भएको छ।

## ५० वर्षपछिको अवस्था

- अहिले खेती गरिरहेको अधिकांश जमिन जङ्गलले भरिनेछ। खेतीयोग्य जमिन र सडकको छेउमा बसोबासको चाप बढ्नेछ। पाखा बारीहरू बुट्यानले भरिनेछ र कृषि उपजहरू अहिलेको भन्दा बढी आयात गर्नुपर्नेछ। विषादीको प्रयोगका कारण माटोको अम्लीयपन बढेर उत्पादनमा ह्रास हुने अनुमान लगाउन सकिन्छ। किसानहरू विस्थापीत हुनेछन्। पालिकामा रैथाने बीउहरू लोप हुनेछ। कृषि बिउबिजनमा बढेको परनिर्भरताका कारण बिउबिजन अभावमा खेती प्रणालीमा खलल पुग्नेछ र भोकमरीको समस्या बढ्न सक्नेछ। हाइब्रिड र आयातीत बिउले गर्दा प्राङ्गारिक मलको सट्टा विषादीको मात्र बढी प्रयोग गर्नुपर्ने हुन्छ। जसको प्रयोगबाट माटोको उत्पादकत्व घट्नेछ भने मानिस र पशुपन्छीमा दीर्घकालीन रोग बढ्न सक्ने सम्भावना बढी देखिन्छ।
- भूक्षय, बाढी र पहिरोका कारण खेतीयोग्य जमिन घट्नेछ र बस्तीहरू विस्थापित हुनेछन्। जनसङ्ख्या वृद्धिसँगै बसाइँ सर्ने क्रम बढ्नेछ। वातावरणीय प्रभाव मूल्याङ्कनलाई बेवास्ता गरी बढ्दै गएको विकास निर्माणका कामले वातावरणमा नकारात्मक असर पर्नेछ। अर्गानिक र पौष्टिक खानाको सट्टा बजारको आयातीत हानिकारक खाना उपभोग गर्नेको सङ्ख्या बढ्नेछ।

### अबको सोच

- सुरक्षित स्थानमा एकीकृत बसोबास गर्ने । जथाभावी घरहरू नबनाउने । बस्ती नजिकै सुरक्षित स्थान राख्ने । आफूसँग भएको उब्जाउ हुने जमिनमा आफैँ खेती गर्ने । कमसल जमिनमा वृक्षरोपण तथा बाली बिरुवा लगाएर उपयोगमा ल्याउने । यसका लागि समुदाय सबैको सहमतिमा जग्गा छुट्याउने र स्थानीय सरकारको सहयोग लिएर संरक्षण र व्यवस्थापन गर्ने ।
- कृषि कर्ममा संलग्न प्रत्येक घर/परिवारले आफूलाई खान पुग्ने अन्न आफैँ उत्पादन गर्ने । कम जमिन भएको परिवारलाई पालिकाको सहयोगमा बाँझो तथा खाली जमिन लिएर खेती गर्न लगाउने । खेतीमा संलग्न प्रत्येक परिवारले पशु चौपाय पाल्ने । स्थानीय सरकारको सहयोग लिएर सुधारिएको गोठहरू निर्माण गर्ने । गोठे मल सुधार गरी प्राङ्गारिक खेतीलाई बढावा दिने ।
- खेतीपातीमा लाग्ने रोग/कीरा कम गर्न जैविक मल बनाउने । यस्तो खेती गर्न गाउँपालिका, कृषि तथा पशु शाखासँग समन्वय गरेर गाउँमा स्रोत व्यक्ति तयार गर्ने । बजारको व्यवस्थापन गर्नका लागि समुदाय तहमै समिति बनाएर कसले कस्तो प्रकारको खेती गरेको छ भनी तथ्याङ्क सङ्कलनका लागि संयुक्त अनुगमन गर्ने ।
- विकासे तथा हाइब्रिड बिउ भन्दा पनि गाउँमै लगाइँदै आएको रैथाने बिउको प्रयोगलाई प्रोत्साहन गर्ने । रैथाने जातको बिउ उत्पादन र भण्डारणका लागि पालिकाले लगानी गर्ने । कृषि कार्यालयसँग सहयोग लिएर बालीनालीको निरीक्षण र बिउका लागि उपयुक्त बाली वा उत्पादन छ कि छैन चेकजाँच गराउने ।
- श्रम शक्ति भएको परिवारका सबै सदस्यलाई खेतीपाती गर्न सिकाउने । सबैले अनिवार्यरूपमा करेसाबारी राख्ने । कम्तीमा पनि आफूलाई पुग्ने तरकारी आफैँले उत्पादन गर्ने । तर अन्य खेती गर्दा समुदायका सदस्य मिलेर जमिन चक्लाबन्दी गरी व्यावसायिक खेती गर्ने ।
- गाउँमा अन्न भकारी स्थापना गर्ने । विपद्को समयमा गाउँका सदस्यलाई समस्या पर्दा त्यो अन्न उपयोगमा ल्याउने । सबैले आफू र अरूलाई सुरक्षित बनाउन वर्षे भेलको व्यवस्थापन गर्ने । भत्केको ठाउँ समुदाय आफैँ मिलेर बनाउने । सामुदायिक संरचना तथा सम्पत्तिहरू समुदायले नै संरक्षण र उपयोग गर्ने । सार्वजनिक धाराहरू निर्माण गर्ने र समुदाय तथा टोल सुधार समिति मिलेर आफ्नो गाउँ सफा राख्ने ।



## ७. सोचपत्रको आवश्यकता

- जल, जमिन र जङ्गलको विवेकपूर्ण व्यवहार गर्न र जोखिमपूर्ण ठाउँमा बसोबास गर्ने परिवारलाई जोखिमको प्रकृति हेरी संरक्षण र स्थानान्तरण गर्न,
- विस्थापित, भूमिहीन र छरिएर रहेकालाई व्यवस्थित र एकीकृत बस्ती निर्माण गरी बसोबास गराउन,
- खाद्य उत्पादन र जनसङ्ख्या वृद्धि दरबीच सन्तुलन कायम गर्न ।

- वातावरणीय स्वच्छता र सन्तुलनका लागि सडक, खोला किनार, उपयोगहीन पर्ती ऐलानी र हैसियत बिग्रेका जमिनमा वृक्षरोपण गरी संरक्षण गर्न,
- पानीको मुहान, खनिज क्षेत्र, नदी, ताल, पोखरी पुरातात्विक, धार्मिक तथा सांस्कृतिक, सुरक्षाका दृष्टिले संवेदनशील क्षेत्र र राष्ट्रिय निकुञ्जमा रहेका क्षेत्र संरक्षण गर्न,
- पूर्वाधार निर्माण, सार्वजनिक कार्य, कृषि तथा उद्योग व्यवसाय र निजी बसोबासका लागि हाल माग भइरहेका र भविष्यमा समेत हुन सक्ने मागलाई सम्बोधन गर्न र अतिक्रमित भूमि पहिचान एवं संरक्षण गर्न,
- जोखिममा रहेको भूमिलाई थप बिग्रन नदिइ उपयोगमा ल्याउन ।

## ८. दीर्घकालीन सोच

'जुगल समृद्धिको आधार : प्राकृतिक स्रोतको सदुपयोग, संरक्षण र सम्भार ।'

## ९. लक्ष्य

वातावरण सन्तुलन, सुरक्षित आवासको सुनिश्चतता र कृषि उपज उत्पादन वृद्धिका माध्यमबाट स्थानीयको जीवनस्तर उकास्नका लागि भूमि उपयोगको विद्यमान स्थिति र प्रवृत्तिमा सुधार गर्ने ।

## १०. उद्देश्य

यस सोचपत्रको प्रमुख उद्देश्य विद्यमान भूउपयोगको अवस्थालाई सुधार गरी व्यवस्थित र प्रभावकारी भूमि प्रयोग गर्ने हो । यसका अलावा आधारपत्रले तपसिलका उद्देश्य लिएको छ :

क. वर्तमान उपयोग र दिगोपनाको अवधारणाअनुरूप भूमिको वर्गीकरण गरी प्रयोगको सुनिश्चितता गर्ने,

ख. भूमिको उत्पादकत्व र उत्पादन वृद्धि गरी कृषि उपजको आयात प्रतिस्थापन गर्ने,

ग. वातावरणीय प्रभाव मूल्याङ्कन गरी विपद् व्यवस्थापनमैत्री, व्यवस्थित र दिगो पूर्वाधारहरूको निर्माण गर्ने,

घ. पालिकाभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको पहिचान र संरक्षण गर्दै नयाँ पर्यटकीय क्षेत्रहरू पहिचान गरी व्यवस्थित पर्यटन प्रबर्द्धन गर्ने,

ङ. पालिकाका सबै घरधुरीलाई सुरक्षित आवास सुनिश्चित गर्ने,

# ११. रणनीति र कार्यनीति

उल्लिखित दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने रणनीति तथा कार्यनीतिहरू निम्नानुसार छन् :

| रणनीति तथा कार्यनीति | अवधि | | | |
|---|---|---|---|---|
| | नियमित/निरन्तर | अल्पकालीन (१-५) वर्ष | मध्यकालीन (६-१०) वर्ष | दीर्घकालीन ( १० वर्ष भन्दा माथि) |
| १. वर्तमान उपयोग र दिगोपनाको अवधारणाअनुरूप भूमिको वर्गीकरण गरी प्रयोगको सुनिश्चितता गर्ने | | | | |
| भूमिको बनोट क्षमता, उपयुक्तता र विद्यमान उपयोगका आधारमा वर्गीकरण गरी कार्यान्वयन गर्ने । | | √ | | |
| पालिकाका जोखिमयुक्त बस्तीहरू पहिचान गरी भौगर्भिक अध्ययनका आधारमा बस्न योग्य, स्थानान्तरण गर्नुपर्ने (जोखिम बस्ती) र अल्पीकरण योजना सञ्चालन गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्ने । | √ | | | |
| जोखिम वर्गमा परेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्दा एकीकृत बस्तीको अवधारणाअनुरूप गर्ने । | | | √ | |
| स्थानीय सडक, कृषि सडक, जलविद्युत् निर्माण, विद्युत् प्रसारण लाइन विस्तार गर्दा क्षेत्राधिकारभित्र पर्ने जमिनको लगत कट्टा गरी जग्गाको प्रकृतिअनुसार सरकारी, सार्वजनिक वा सम्बन्धित निकायको नाममा कायम गर्ने । | √ | | | |
| औद्योगिक तथा खानीजन्य क्षेत्र, सामुदायिक विद्यालय तथा अन्य संरचनाहरू निर्माण गरिएको जग्गा, सरकारी, सामुदायिक तथा सार्वजनिक संस्थालाई उपलब्ध गराएको जमिनको सम्बन्धित संस्थाको नाममा नापजाँच गरी स्रेस्ता कायम गर्ने । | √ | | | |
| बस्ती विकासका साथै भौतिक पूर्वाधारमा नकरात्मक प्रभाव पर्ने गरी ढुङ्गा खानी सञ्चालन, ग्राभेल सङ्कलन र अव्यवस्थित सडक विस्तारमा बन्देज लगाउने । | √ | | | |
| भूउपयोग नक्साअनुरूप जमिनको उपयोग भए/नभएको सुनिश्चितताका लागि कार्यान्वयन मापदण्ड तयार गरी अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने । | | √ | | |
| समुदाय तथा बस्ती तहमा रहेका खुला स्थानमा माटो, हावापानी र भूगोलअनुकूल हुने बोटबिरुवा लगाउनका लागि समुदायलाई प्रोत्साहित गर्ने नीति तथा कार्यक्रम बनाइ कार्यान्वयन गर्ने । | | | √ | |
| २. भूमिको उत्पादकत्व र उत्पादन वृद्धि गरी कृषि उपजको आयात प्रतिस्थापन गर्ने | | | | |
| भूउपयोग योजनाले कृषि क्षेत्र भनी तोकेको क्षेत्रमा योजनाबद्धरूपमा आवश्यकताअनुसार उपक्षेत्र वर्गीकरण गरी कृषि पकेट क्षेत्र छुट्याउने । | | √ | | |

| | | | | |
|---|---|---|---|---|
| व्यावसायिक कृषि प्रबर्द्धन गर्न निश्चित मापदण्डका आधारमा जलवायु अनुकूलन हुने बिउबिजन, मलखाद्, कृषि उपकरण र सहुलियत कृषि ऋण उपलब्ध गराउने । | √ | | √ | |
| उच्च पहाडी र मध्य हिमाली क्षेत्रमा हुने अर्गानिक आलु, कोदो, जौ फापर, सिमी उत्पादन गर्न किसानलाई प्रोत्साहन गर्ने र पालिकाले बजारीकरणको व्यवस्थापन गर्ने । | √ | | | |
| आयात प्रतिस्थापन गरी पालिकालाई आत्मनिर्भर बनाउन कृषि व्यवसायका लागि अति आवश्यक पूर्वाधारको निर्माण र आवश्यक बिउबिजन, मलखादको समयमा नै उपलब्धता सुनिश्चित गर्ने । | | | | √ |
| खेतीयोग्य जमिनको लगत सङ्कलन गरी त्यसको उपयोगको अवस्था विश्लेषण गर्ने । बाँझो रहेको खेतीयोग्य जमिनमा सामूहिक खेती गर्न प्रोत्साहित गर्ने । | | | | |
| रासायनिक मल, विषादी र आयातित बिउ मुक्त क्षेत्र घोषणा गरी जैविक प्राङ्गारिक मलको प्रयोगबाट रैथाने अन्न उत्पादन र स्थानीय पशुपन्छी पालनलाई प्रोत्साहन गर्ने । | | | | √ |
| ३. वातावरणीय प्रभाव मूल्याङ्कन गरी विपद् व्यवस्थापनमैत्री, व्यवस्थित र दिगो पूर्वाधारहरू निर्माण गर्ने | | | | |
| सडक सञ्जाल निर्माण गर्दा भूगोलअनुकूल जमिनको क्षमता पहिचान गरी दक्ष प्राविधिकको राय/सल्लाहबमोजिम गर्ने । | √ | | | |
| उत्पादन र वितरण प्रणालीलाई प्रभावकारी बनाउन अत्यावश्यक विद्युत्, सडक, ढल र पानी जस्ता पूर्वाधार निर्माण गर्न सहज हुने स्थानमा औद्योगिक क्षेत्रका लागि जमिन छुट्टयाउने, सुरक्षित राख्ने र उद्योग सञ्चालन गर्नका लागि निजी क्षेत्रलाई प्रोत्साहान गर्ने । | | | | √ |
| वातावरण संरक्षण र पर्यावरणीय विकास प्रबर्द्धनका लागि प्राकृतिक पोखरीहरूको संरक्षण गर्ने र अति आवश्यक स्थानमा प्राकृतिक पोखरी निर्माण गरी जलभण्डारण गर्ने । | | | √ | |
| बस्ती विकास गर्दा बस्तीमा रहने परिवार सङ्ख्या, एकीकृत बस्तीको क्षेत्रफल, बस्तीभित्रको सडक, खुला क्षेत्र, घडेरीको न्यूनतम क्षेत्रफल, निर्माण गर्दा छाड्नुपर्ने क्षेत्र, घरको बनावट र फोहोरमैला व्यवस्थापनसम्बन्धी मापदण्ड र कार्यान्वयन कार्यविधि बनाइ लागु गर्ने । | | | √ | |
| प्रयोगमा नआएको सार्वजनिक तथा निजी जमिनलाई सदुपयोग गर्नका लागि निश्चित मापदण्ड बनाइ उक्त क्षेत्रमा जङ्गली जनावरलाई उपयुक्त हुने फलफूल तथा घाँस लगाउनका लागि प्रोत्साहित गर्ने । | √ | | | |
| व्यवस्थित बजार र शहर विकासका लागि बस्ती विकास मापदण्ड बनाइ अति आवश्यक पूर्वाधारहरू, जस्तै- सडक, अस्पताल, विद्यालय, फोहोरमैला व्यवस्थापन, ढल व्यवस्थापन, स्वच्छ पिउने पानी व्यवस्थापनलाई वार्षिक क्रमागत विकास बजेटको व्यवस्था गरी कार्यान्वयन गर्ने । | | | | √ |
| पालिकामा धेरै मात्रामा खोला, खोल्सा, खहरे रहेका र त्यसले पालिकाको कृषियोग्य क्षेत्रको विना, सडक सञ्जाल, सिँचाइ कुलोहरूमा असर गरेकाले इन्जिनियरिङ र गैरइन्जिनियरिङ प्रविधिको प्रयोग गरी अल्पीकरणका कामहरू सुरु गर्ने । | | | √ | |
| कृषि र विपद्का विषयलाई स्थानीय पाठ्यक्रममा समावेश गरी प्रयोगात्मक अभ्यासलाई व्यवहारमा उतार्ने । | | √ | | |

| रणनीति तथा कार्यनीति | अवधि | | | |
|---|---|---|---|---|
| | नियमित/निरन्तर | अल्पकालीन (१-५) वर्ष | मध्यकालीन (६-१०) वर्ष | दीर्घकालीन ( १० वर्ष भन्दा माथि) |
| स्थानीय स्तरमा पाइने बहुमूल्य जडीबुटी, कच्चा पदार्थहरूको पहिचान गरी स्थानीय कच्चा पदार्थले धान्न सक्ने उद्योगहरू स्थापना स्थानीय स्तरमै गर्ने | | | | √ |
| जोखिममा रहेका गोरेटो बाटो तथा खोला, खोल्सीमा रहेका पुलहरूको अवस्था पहिचान गरी पुनर्निर्माण तथा मर्मत कार्य तत्काल गर्ने | √ | | | |
| ४. पालिकाभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको पहिचान र संरक्षण गर्दै नयाँ पर्यटकीय क्षेत्रहरू पहिचान गरी व्यवस्थित पर्यटन व्यवसाय प्रबर्द्धन गर्ने | | | | |
| उपयोगविहीन पर्ती जग्गा, हैसियत बिग्रेका वन साथै खुला क्षेत्रमा वृक्षरोपण गरी स्वच्छ वातावरण निर्माण गर्ने । | | √ | | |
| पालिकामा पहिचान भएका पर्यटकीय क्षेत्रहरूमा व्यवस्थित पदमार्ग निर्माण गर्ने, घरहरू निर्माण गर्दा परम्परागत तर प्रकोप प्रतिरोधी घरहरू निर्माण गर्ने । | | | √ | |
| अव्यवस्थित तरिकाले सडक किनारमा घर निर्माण गर्ने र व्यापार/व्यवसाय गर्नमा बन्देज लगाउने । | | | | |
| पदयात्रालाई सहज, आनन्ददायी र रोमाञ्चक बनाउनका लागि पर्यटकीय पदमार्ग प्रतीक्षालय वा विश्रामस्थल, सुविधायुक्त शौचालय, पिउने पानीका धाराहरू, सञ्चार सुविधा, व्यवस्थित होमस्टे, औषधि पसल जस्ता आधारभूत सुविधाहरूको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको रोजाइको क्षेत्रका रूपमा विकास गर्ने । | | | √ | |
| पालिकामा रहेका सम्पदाको तस्बिरसहित ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व, त्यो क्षेत्रमा पुग्ने साधन, लाग्ने समय, बास बस्ने सुविधा, मोटामोटी खर्चलगायतका विवरण र सम्भावित जिज्ञासाका समाधानहरू सूचना प्रविधिमार्फत प्रचारप्रसार गर्ने र पालिकाको वेबसाइटमा अद्यावधिक गर्ने । | | √ | | |
| पहिचान भएका पर्यटकीय स्थानहरूको संरक्षण गरी आन्तरिक तथा बाह्य पर्यटनको आगमन बढाउन व्यवस्थित पदमार्ग निर्माण र पर्यटन पूर्वाधारको विकासमा लगानी गर्ने । | | | √ | |
| मुख्यतः तामाङ बस्ती भएकाले स्थानीय कला र संस्कार संरक्षण गरी परिष्कृत एकीकृत बस्ती विकासका कार्यक्रम लागु गर्ने । | | | | √ |
| पालिकामा रहेका प्राकृतिक स्रोत, जस्तै- पानीको मुहान, खनिज क्षेत्र, नदी, पोखरीका साथै धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रहरूको विवरण अद्यावधिक गरी पर्यटन प्रबर्द्धनका क्रियाकलापमा जोड दिने । | | | √ | |

| ५. पालिकाका सबै घरधुरीलाई सुरक्षित आवास व्यवस्थाको सुनिश्चितता गर्ने | | | | |
|---|---|---|---|---|
| व्यक्तिको असुरक्षित जग्गा नेपाल सरकारले आफ्नो स्वामित्वमा लिइ उक्त व्यक्ति तथा परिवारलाई अन्य सुरक्षित स्थानमा बसोबासका लागि उपयुक्त जमिनको व्यवस्थापन गर्ने । | | | | √ |
| एकीकृत बस्ती र निजी घरहरू निर्माण स्वीकृति दिँदा तोकिएको मापदण्ड र भूउपयोग ऐनबमोजिम वर्गीकृत आवासीय क्षेत्रमा मात्र दिने व्यवस्था गर्ने । | √ | | | |
| बस्ती नजिकै रहेका पिउने पानीका मुहानहरू संरक्षण गर्ने, नजिकैका खोला तथा खोल्साहरूमा इन्जिनियरिङ र गैरइन्जिनियरिङ प्रविधि प्रयोग गरी अल्पीकरणको काम गर्ने र त्यसको अनुगमन र मर्मत गर्ने जिम्मा समुदायलाई हस्तान्तरण गर्ने । | | | √ | |
| पालिकाका सबै बस्ती तथा समुदायलाई विपद्को समयमा प्रयोग गर्न मिल्ने खुला सार्वजनिक जग्गाको पहिचान गर्ने र आवश्यक पूर्वाधार निर्माण गर्ने । | | √ | | |
| जोखिम बस्तीहरू पहिचान गरी उक्त बस्तीलाई जीविकोपार्जन, शिक्षा तथा स्वास्थ्यको विकल्प पहिचान गरी उपयुक्त स्थानमा स्थानान्तरण गर्ने । | | | | √ |
| पालिकामा रहेका प्रमुख प्रकोपहरू पहिचान गरी त्यसबाट उत्पन्न हुने जोखिम, सङ्कटासन्नता र सम्मुखताका आधारमा आवश्यक समाधानका उपयाहरूसहित विपद् व्यवस्थापन योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने र वार्षिक समीक्षा तथा अद्यावधिक गर्ने । | | √ | | |
| बस्ती नजिकै ढुङ्गा खानी तथा हाइड्रोपावरका संरचनाहरू निर्माण तथा सञ्चालन गर्दा सम्पूर्ण प्राविधिक तथा सामाजिक सूचकहरूको अक्षरशः पालना गर्नका लागि सम्बन्धित व्यक्ति तथा कम्पनीहरूलाई बाध्यकारी बनाउने । | | √ | | |
| मनसुनको समयमा बस्तीहरू बढी जोखिममा हुने भएकाले सुरक्षित स्थान पहिचान गरी अस्थायी आवास व्यवस्थापन गर्ने । अन्यत्र स्थानान्तरण गर्दा जमिनको स्वामित्व, जीविकोपार्जन र रीतिरिवाजमा पनि समस्या हुने भएकाले नजिकै आमोदकमोद गरिरहेको जमिनको प्रयोग गर्न सक्ने विकल्पलाई प्राथमिकतामा राखी काम गर्ने । | | | √ | |

# १२. सोचपत्रको सीमितता

स्थानीय तहको भूउपयोग क्षेत्र नक्सा तयार भै सो नक्सालाई स्थानीय तहको आवश्यकताअनुसार अद्यावधिक गरी जलवायु उत्थानशील भूउपयोग योजना तर्जुमा गर्नुअघि सोचपत्र तयार गर्ने प्रावधान छ। जुगल गाउँपालिकाको भूउपयोग क्षेत्र नक्साअनुसार जोखिमका क्षेत्रहरू समावेश गरिएको छ। स्थानीय तहका जुनसुकै विकास निर्माणका कार्य प्रत्यक्ष वा अप्रत्यक्ष भूमिसँग जोडिएका हुन्छन् । तर यहाँ भूमिसँग अप्रत्यक्ष जोडिएका विषय समावेश गरिएको छैन । यस सोचपत्रमा उल्लेख गरिएका रणनीति तथा कार्यनीतिको समयावधि १० वर्षको रहनेछ ।

# जुगल गाउँपालिका
सिन्धुपाल्चोक

Web : www.jugalmun.gov.np
Email: jugalgaupalika12@gmail.com
Phone Number: ०११-६९१०५४, ०११-६९१०५६

आत्मनिर्भर केन्द्र